# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, असोज ४ गते २०६१ साल (अतिरिक्ताङ्क २७

## भाग २

### श्री ५ को सरकार

### कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### २०६१ सालको अध्यादेश नं. १४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## नेपाल सन्धि ऐन,२०४७ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना: नेपाल सन्धि ऐन,२०४७ लाई तत्काल संशोधन गर्न वान्छनीय भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान,२०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस अध्यादेशको नाम "नेपाल सन्धि (पहिलो संशोधन) अध्यादेश,२०६१" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपाल सन्धि ऐन,२०४७ मा दफा ४क. थप: नेपाल सन्धि ऐन,२०४७ को दफा ४ पछि देहायको दफा ४क. थपिएको छ :-

"४क. सन्धि अनुमोदन वा सम्मिलन सम्बन्धी विशेष व्यवस्था: (१) दफा ४ को उपदफा (१) वा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिनिधि सभा नरहेको अवस्थामा कुनै बहुपक्षीय सन्धि अन्तर्गत स्थापित अन्तर सरकारी अन्तर्राष्ट्रिय संगठनको सदस्यता प्राप्त गर्नको लागि त्यस्तो सन्धिको तत्काल अनुमोदन, स्वीकृति वा समर्थन गर्नु परेमा वा त्यसमा सम्मिलन हुनु परेमा श्री ५ को सरकारले सो विषय श्री ५ समक्ष जाहेर गर्नु पर्नेछ ।

(२) श्री ५ बाट श्री ५ को सरकारले उपदफा (१) बमोजिम जाहेर गरेको सन्धिको अनुमोदन, स्वीकृति वा समर्थन गरिबक्सेमा वा त्यसमा सम्मिलन हुने स्वीकृति बक्सेमा त्यस्तो सन्धि अनुमोदन, स्वीकृति वा समर्थन भएको वा त्यसमा सम्मिलन भएको मानिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६०५८

(३) उपदफा (२) बमोजिम कुनै सन्धि अनुमोदन, स्वीकृति वा समर्थन गरेको वा त्यसमा सम्मिलन भएकोमा सोको सूचना त्यस्तो कार्य सम्पन्न भएपछि बसेको प्रतिनिधि सभाको बैठकमा त्यस्तो बैठक बसेको मितिले सात दिनभित्र जानकारीको लागि पेश गर्नु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिनिधि सभाका लागि निर्वाचन हुने मिति तोकिएपछि यस दफा बमोजिम कुनै पनि सन्धिको अनुमोदन, स्वीकृति वा समर्थन गर्न वा त्यसमा सम्मिलन हुन सकिने छैन ।"

३. बचाउः सम्बत् २०६० साल चैत्र ४ गते जारी भएको नेपाल सन्धि (पहिलो संशोधन) अध्यादेश,२०६० बमोजिम भए गरेका काम कारबाही यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ ।

लालमोहर सदर मितिः- २०६१।६।४।२



मुद्रण विभाग सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६५५